# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १३ वैशाख २०८०
# बुधवार
# बैठक सङ्ख्या- १८, पहिलो

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समयमा निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

(१३:०५ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- दाङ कोइलाबास नाका कुनै बेला नेपालका प्रमुख नाकाहरू मध्येमा छैटौं नाकामा पर्दथ्यो । तर अहिले उक्त नाकाबाट नगन्य मात्रामा आयात र निर्यात हुन्छ । यसले गर्दा दाङ जिल्लाका पहिलाका राप्ती अञ्चलका अन्य जिल्लाहरू प्रभावित भएका छन् । सडकलगायत विद्युतीय आदि पूर्वाधारहरू पनि तयार भइसकेका छन् । म नेपाल सरकारसँग विनम्रताका साथ अनुरोध गर्न चाहन्छु ।

प्रधानमन्त्रीज्यू भारत भ्रमणमा जाँदै हुनुहुन्छ । भारतको संघीय सरकारसँग र उत्तर प्रदेश सरकारसँग कूटनीतिक पहल गरेर उक्त नाका पूर्ववत् रूपमा सञ्चालन गरियोस् भनी म सरकारको ध्यानाआकर्षण गराउन चाहन्छु ।

त्यसै गरी सम्माननीय अध्यक्षज्यू, रुकुम, रोल्पा, सल्यान, प्युठान, दाङको स्वास्थ्यको आधार स्तम्भ भएको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान हो । संविधान पिता शुसील कोइरालाको सङ्कल्प पनि र सपना पनि हो । बजेटको अभावको कारण भौतिक पूर्वाधार निर्माण हुन सकेका छैनन् । जग्गा प्राप्ति हुन सकेको छैन । जसले गर्दा पठनपाठन समस्याहरू भएको छ । तसर्थ सरकारसँग सरकार किन बेखबर छ? सम्माननीय अध्यक्षज्यूमार्फत समुचित व्यवस्थापनको लागि ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा ।

(१३:०६ बजे) **<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आमनागरिकमा निरासाको खेती गर्ने व्यवसाय मौलाउँदै छ । शासन व्यवस्था र पार्टी नेतृत्व तहमा सुधार भएन गरिएन भने स्थिति अकल्पनीय हुने निश्चितप्राय छ । यसै सन्दर्भमा प्रधानमन्त्रीको कार्यकाल दुईपटक सांसद वा मन्त्री तीनपटक र पार्टी दलको नेतृत्व दुई कार्यकालभन्दा बढी नहुने व्यवस्था गरौं । समानुपातिक सामावेशी सहभागितालाई प्रत्यक्ष निर्वाचन प्राणलीमै समावेश गरी समानुपातिक निर्वाचन प्राणली खारेज गरौं । प्रतिनिधि सभा र प्रदेश सभाको सङ्ख्या २७५ र ५५० बाट घटाएर क्रमशः १६५ र ३३० मात्र बनाऊँ । अदालत, संवैधानिक निकाय, राजदूत, विश्वविद्यालयमा दलीय भागवन्डालगायतका आधारमा गरिने नियुक्ति र सार्वजनिक संस्थानहरूमा पार्टी कार्यकर्ताहरू भर्ना गर्ने काम बन्द गरौं । नागरिकका समस्या र गुनासाहरू तत्कालै सम्बोधन हुने संयन्त्र बनाऔं । सुशासनको प्रत्याभूति हुने र भ्रष्टचार निवारणका कार्यक्रमहरूलाई अभियानको रूपमा सञ्चालन गरौं । राजनीतिक दलहरूले टिकट वितरण गर्दा सम्बन्धित पार्टी कमिटीको सिफारिसमा मात्र हुने ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा ।

(१३:०७ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, नयाँ सत्र सुरु भइसेको छ । अझै पनि विद्यार्थीको हातमा

पाठ्य पुस्तक पाउन नसकेको गुनासोहरू छ । सुगम र दुर्गम क्षेत्रबिच त्यसै त शैक्षिक गुणस्तरमा समस्या छ भने । विशेष गरी दुर्गम क्षेत्रका विद्यार्थीहरूले समयमै पाठ्य पुस्तक नपाउने समस्या दुःखत् छ । आवश्यक र सम्बन्धित पाठ्य पुस्तक विद्यार्थीको हातमा पुऱ्याउन म सरकारसँग जोडदार माग गर्छु ।

साथै सुख्खायामसँगै बढ्दै गइरहेको आगजनी, वन डढेलो बढेको छ । यसबाट वातावरण प्रदुषण उत्पन्न भई मानव स्वास्थ्यमा गम्भीर समस्या देखिन थालेको छ । आगजनीका घटनाहरू रोकथाम गर्न, नियन्त्रण गर्न, सचेतना र जनचेतना प्रभावकारी रूपमा सञ्चालन गर्न घटना पश्चात् राहत, उद्दार, उपचारमा ध्यान दिन साथै स्थानीय तहलाई आगजनी नियन्त्रणका उपकरणहरू व्यवस्था गर्न बजेटमा व्यवस्था गरियोस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ ।

**(१३:०८ बजे) <u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, संघीयता केन्द्रमुखी भयो । साना साना निर्णय गर्न पनि केन्द्रको मुख ताक्नुपर्ने भयो । प्रदेश र स्थानीय तहतिर स्रोत पनि दिने अधिकार पनि दिने र केन्द्रले अनुगमन र निगरानी कडा गर्न किन सकिएन? सेवा प्रवाह र स्थानीय तहलाई जनमुखी बनाउन पऱ्यो । आवश्यक झन्झटिला प्रक्रियाहरूलाई खारेज गर्नुपऱ्यो ।

सिंहदरबारमा जनताको के काम हुन्छ? जहाँ गयो त्यही भिड छ । किन अझै पनि सिंहदरबार धाइरहनुपर्छ? जनताहरू अझै पनि किन सिंहदरबार धाइरहनुपरेको हो? शिक्षा, स्वास्थ्यमा गुणस्तर र पहुँच कहिले पुग्छ? स्वास्थ्य विमाको पहुँच सबै जनताको घरदैलोमा कहिले पुग्छ? स्वास्थ्य विमामार्फतको उपचारमा किन झन्झटिलो भएको हो? सरकारी अस्पतालमा निःशुल्क भनेका औषधीसमेत छैनन् । सम्बन्धित निकाय र नेपाल सकारको ध्यानाआकर्षण गराउँदछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डक्टर विमला राई पौडयाल ।

**(१३:०९ बजे) <u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, हाम्रो देशको सम्माननीय राष्ट्रपतिज्यू करिब १० दिनदेखि भारतमा उपचार गरिराखुभा'को छ ।

विरामी हुनुहुन्छ भन्ने हामीले सुनेका छौं । तर सरकारबाट यसको आधिकारिकता र के भएको हो? उहाँलाई नेपालमा त्यसको उपचार हुन्थ्यो कि हुन्नथ्यो? अनि उहाँको सुधार कस्तो भइराखेको छ? यो विषयमा सरकारले जनताहरूको लागि सदनमा चाहिँ जानकारी गराउनुपर्छ जस्तो मलाई लाग्छ । किनभने राष्ट्रपति यो देशको अभिभावक हो । अभिभावक विरामी भएर छिमेकी देशमा उपचार गराइरहनुभएको छ ।

त्यो सँगसँगै विरामी अस्पतालमा भी.भी.आई.पी.को चाहिँ उपचारको लागि राखिकएको कक्षमा धुलो लागेको छ । हाम्रा भी.भी.आई.पी.हरू धेरै जसो बाहिरै गएर उपचार गराइरहनुभएको छ । कुन कुन रोगको उपचार नेपालमा हुँदैन? र त्यसलाई सुधार गर्न के गर्न पर्छ भन्ने विषयमा पनि सरकारले ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ । यसमा ध्यानाकर्षण गराएँ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सिंग वहादुर विश्वकर्मा ।

(१३:१० बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, सिन्धुपाल्चोक जिल्ला जुगल गाउँपालिकामा दिनानुदिन ..... जलविद्युत् आयोजनामा निर्माण गरिरहेको सिता हाइड्रो पावर कम्पनीको लापरबाहीका कारण विद्युत् सट हुँदा मिति २०७९ फागुन १५ गते जुगल ३ निवासी १४ वर्षीय नोर्जे लामाको घटनास्थलमै मृत्यु र दाजु राजमान लामा र आमा रोशनी तामाङ सोमारानी रानी तामाङ गम्भीर घाइते भएको थिए । मिति २०७९ साल फागुन ६ गते आयोजनाको कर्मचारीको सरोज थारुको समेत मृत्यु भएको थियो । स्थानीयहरू आक्रोशित भई आयोजनालाई ध्यानआकर्षण गराइरहेका थिए । तर आयोजनाले पीडितलाई क्षतिपूर्ति, न्याय दिनुको पर्ने उल्टै २२ जना विरुद्ध मुद्दा दर्ता गराई दुःख दिएरहेको पाएको छ । यसप्रति विषयमा सत्यतथ्य ..... (समय सकिएको) ।

(१३:११ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिपतिको कार्यालयबाट मन्त्री तथा राज्यमन्त्रीको नियुक्त एवम् कार्यभार तोकिएकोसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म उक्त पत्रहरूको बेहोरा जानकारी गराउँदछु ।

विषयः मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति तथा कार्यभार सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूले नेतृत्वमा मिति २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषदमा नेपालको संविधानको धारा ७३ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०१/०३ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नुभएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री नारायण प्रकाश साउद | मन्त्री | परराष्ट्र मन्त्रालय |
| २. | श्री नन्दा चपाई | राज्यमन्त्री | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |

(यादवप्रसाद कोइराला)
सचिव
२०८०/०१/०३

विषयः मन्त्रीको कार्यभार तोक्नुभएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले संवत् २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूले सम्हाली आउनुभएकोमा प्रधानमन्त्रीज्यूको सिफारिसमा उक्त मन्त्रालयको कार्यभार माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
सचिव
२०८०/०१/०५

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदी संयुक्त राष्ट्र संघको मुख्यालय न्युयोर्कमा आयोजना हुने ट्वान्टी सेकेन्ड सेसन अफ द युनाइटेड नेसन्स पर्मानेन्ट फोरम अन इन्डिजिनियस इस्युज कार्यक्रममा सहभागी हुन २०८० वैशाख १ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले वहाँको अनुपस्थितिमा वहाँले सम्हाल्दै आउनुभएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(शङ्कर दास बैरागी)
मुख्यसचिव
२०८०/०१/०३

माननीय सदस्यहरू, संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली २०७५ नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाइ समितिमा राष्ट्रिय सभाबाट देहायबमोजिमका माननीय सदस्यहरूको नाम मनोनयन गरेको छु ।

१. माननीय सदस्य जगप्रसाद शर्मा
२. माननीय सदस्य देवेन्द्र दाहाल
३. माननीय सदस्य रमेशजंग रायमाझी

माननीय सदस्यहरू, प्रस्तावित नामलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु । माननीय सदस्यहरू, संसदीय सुनुवाइ समितिमा प्रस्तावित नामलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय मदन कुमारी शाह गरिमा प्रस्तावक र माननीय अनिता देवकोटा, माननीय खिमलाल देवकोटा, माननीय जयन्ती देवी राई, माननीय जितेन्द्र नारायण देव, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय दिल कुमारी रावल थापा पार्वती, माननीय प्रमिला कुमारी, माननीय डाक्टर विमला राई पौडयाल, माननीय श्री शेखर कुमार सिंह र माननीय सुरेश कुमार आले मगर समर्थक भई "सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन,

मध्यकालीन र दीर्घकालीन नीति तथा योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने" भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको प्रस्ताव दर्ता गर्नुभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म उक्त जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको प्रस्तावक माननीय सदस्य मदन कुमारी शाह (गरिमा) लाई उक्त प्रस्ताव पेस गर्न समय दिन्छु ।

(१३:१५ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम वर्तमान राजनीतिक सङ्कट र यसको समाधानका विषय प्रस्तुत हुन गइरहेको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावलाई महत्त्व दिई उक्त प्रस्तावलाई यस सम्मानित सभामा छलफल गराउनुभएकोमा म आफू प्रस्तावक र समर्थक माननीय सदस्यहरूको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । जिम्मेवारीपूर्वक आफ्नो दायित्व पूरा गर्न बजेट निर्माणको अत्यन्त व्यस्थता बाबजुत आफ्नो महत्त्वपूर्ण समय दिनुभएकोमा माननीय अर्थमन्त्रीज्यूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, जनताको बलिदानीपूर्ण सङ्घर्षबाट राजनीतिक शासन व्यवस्था परिवर्तन ल्याउन हामी सफल भयौं । राजनीतिक आन्दोलन सफल भयो अब समाजवादीको लक्ष्य प्राप्त गर्न आर्थिक क्रान्ति गर्न सबैको साझा सङ्कल्प हुनुपर्छ भन्ने चाहाना र सपना संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानमार्फत हामीले साझा गयौं तर मुलुकको आवश्यकता माग र हाम्रो आन्दोलनले स्थापित गरेको प्रणालीअनुसार नेतृत्वले काम गर्न सक्यो? रूपान्तरण भयो? नेतृत्वले आफूलाई फेर्न सक्यो? दुःखका साथ भन्नुपरेको छ । केही व्यक्तिहरूको जीवन त अवश्य फेरियो तर नेपाल आमाको अनुहार फेरिएन मुलुकको अर्थतन्त्र ओरालो लागेको अवस्थामा छ ।

(१३:१७ बजे, माननीय श्री भैरव सुन्दर श्रेष्ठले टेबल ठोकेर केही बोल्नखोज्नुभएको)

(१३:१७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य, के भन्न खोज्नुभो' । (१ मिनेट माननीय सदस्य ।) १ मिनेटमा आफ्नो भनाइ राख्नू ।

(१३:१७ बजे) **मानानीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव अर्थ मन्त्रालयसँग सम्बन्धित विषयमा हामी छलफल प्रस्ताव राख्न गइराख्नुभएको छ माननीयज्यू र अर्थमन्त्रीज्यूलाई हामी यहाँ देखिरहेका पनि छैनौं । त्यसपछि छलफलको कुराहरू आउँला त्यो कुरा कसले सुन्दिने हो? अनि हाम्रो सोधेका, हामीले सुनाएका कुराहरूको जवाफ कसरी आउने हो त्यो विषयमा पनि ध्यान आकर्षण गराउन चाहन्छु । अर्थमन्त्रीज्यूको उपस्थिति भयो । भए राम्रो होला ।

(१३:१८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अहिले सरकारको मन्त्रीहरू यहाँ वरिष्ठ मन्त्रीहरू उपस्थित हुनुहुन्छ । र यसको टिपोट पनि भैराखेको छ । अर्थमन्त्रीज्यूले यो सबै प्रस्तावहरूको सूचना पनि पाउनुभा'को पनि छ । केही समयमा नै उहाँको उपस्थिति हुने छ। यो सबै उहाँकोमा पुग्छ भन्ने कुरा विश्वस्थ रहन म भन्न चाहन्छु । धन्यवाद । (सुरु गरौं माननीयज्यू) ।

(१३:१८ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, मुलुकको वर्तमान अर्थतन्त्र ओरालो लागेको अवस्थामा छ । मुलुक कतै असफल त हुने होइन चिन्ता व्यापक छ । लगानीको वातावरण बनिरहेको छैन । वैदेशिक लगानीलाई आकर्षित गर्न सकिएको छैन । नीतिगत भ्रष्टाचारलाई रोक्न सकिएको छैन । पारदर्शिता छैन । भ्रष्टाचार शून्यसहनस झाछौं भनेका छौं तर यो व्यवहारमा छ कि छैन सोच्ने अवस्था रहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, केही वर्ष यतादेखि देशको अर्थतन्त्र गम्भीर सङ्कटतर्फ गइरहेको भन्ने कुरा यही रोष्ट्रमबाट हामीले अर्थमन्त्रीबाट सुन्न पाएका थियौं । आर्थिक सङ्कटका कारण मजदुर, किसान, साना तथा मध्यम व्यवसायीलगायत आम सर्वसाधारण मानिसहरू पीडामा रहेको कुरा वहाँले स्वीकार गर्नुभएको थियो । बढ्दो महङ्गीका कारण मानिसलाई बाँच्न धौंधौ भइरहेको हामीले प्रत्यक्ष अनुभूत गरेका छौं । बैङ्क, सहकारी र लघुवित्तको ब्याज र किस्ता तिर्न नसकेर साना मध्यम व्यवसायी दिवाली अवस्थामा पुगेको र कतिपयले त आत्महत्या गरेका घटना हामीले देखेका र सुनेका छौं । जनतामा व्यापक निरासा र राजनीतिप्रति नै वितृष्णा देखिन्छ । आम जनताका समस्या समाधान गर्दै राजनीतिप्रति वितृष्णा र निरासा हुनबाट जोगाउनु यो सरकारको पहिलो कर्तव्य हो भन्ने अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, म यहाँलाई के अनुरोध गरौं भने यो देशको अर्थतन्त्र उकालो लाग्नुपर्छ । मुलुक असफल हुनुबाट जोगिनुपर्छ । हामीले परिकल्पना गरेको संविधानले समाजवादका आधारहरू निर्माण गर्नेतर्फ नेपालको अर्थतन्त्रलाई लैजाने कुरालाई हामीले पूरा गर्नुपर्छ र अहिलेको वर्तमान आर्थिक अवस्था कस्तो छ भनेर यसको तथ्याङ्कको आधारमा जान गइरहेको छैन । म अर्थशास्त्रको विज्ञ पनि होइन । तर विशुद्ध भावना छ । चाहाना छ । नेपाली जनताको भावना, आवश्यकतालाई मैले आफ्ना शब्दहरूमा यहाँ प्रकट गर्न खोजिरहेको छु । हामीसँग थुप्रै अर्थशास्त्रीहरू छन् । हामीसँग धेरै विज्ञ साथीहरू हुनुहुन्छ । यो अर्थतन्त्र ओरालो लागेको अर्थतन्त्रलाई उकालोतिर लान नेपाललाई असफल हुनबाट जोगाउन र श्रीलङ्काको बाटोमा पाकिस्तानको बाटोमा मुलुक नजाओस् भन्नको लागि यो प्रस्ताव यहाँ दर्ता गराइएको छ र यसमा छलफल हामी गर्न गइरहेका छौं ।

यहाँहरू हामी सबैलाई थाहा छ । हामीले विकास खर्च गर्न सकिरहेका छैनौं । हामी बजेट छुट्याउँछौं । तर यसलाई हामीले खर्च गर्न नसकिरहेको हाम्रो यो राष्ट्रिय रोगको जस्तै रूपमा रहिरहेको छ । यदि विकास खर्चलाई हामीले चाहिँ गर्न सकेनौं भने विकास महङ्गो हुन्छ । यो हामीले सैद्धान्तिक रूपमा बुझेका छौं र जुन विकास महङ्गो हुन्छ । त्यसको मूल्य त जनताले नै चुकाउनुपर्छ होला त्यसो भएको कारणले गर्दखेरि यतातिर हामीले विशेष ध्यान दिनुपर्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । हामीले भनेका छौं । कि निर्वाहमुखी नेपालको कृषि अर्थतन्त्रलाई व्यवसायीकरण गर्ने । म भन्छुः व्यवसायीकरण गर्नुभन्दा पहिला आत्मनिर्भर त बनौं । कृषिमा, खाद्यान्नमा त्यति त हामी आत्मनिर्भर बन्न सक्छौं भन्ने मलाई लाग्छ ।

अहिले पनि हामीले गत वर्षको आर्थिक तुलनामा चाहिँ हामीले आयातहरूलाई चाहिँ बढाइरहेको बढिरहेको निर्यात घटिरहेको अवस्था छ । यद्यपि भन्न सकिन्छ होला कि विश्वमा भइरहेको आर्थिक मन्दी कोरोना कालको प्रभावका कारणले यस्तो भएको भनेर तथापि हामीले हाम्रो आयातलाई प्रतिस्थापन गर्न सकेनौं । निर्यातलाई बढाउन दिन सकेनौं । नेपालका साना साना उद्योगधन्दा कलकारखानाहरूलाई संरक्षण गर्न सकेनौं भने रोजगार सिर्जना हुने छैन र रोजगार सिर्जना नहुँदा जुन बेरोजगारीको भयाभ अवस्था छ । नेपालका युवाहरू वैदेशिक यात्रामा जानुपर्ने जुन बाध्यकारी अवस्था छ त्यो नेपालको लागि राष्ट्रको लागि सुखदायी होइन भन्ने चाहिँ मलाई लाग्छ । यो चिन्ताको विषय हो भन्ने लाग्छ । पहिला पहिला त रोजगारको लागि आफ्नो जीविकोपार्जन गर्नको लागि मात्र युवाहरू विदेश जान्थे । तर अहिले शिक्षाको नाउमा युवाहरू विदेशिएका विदेशिए छन् र हामीले शिक्षाको नाउमा हाम्रो नेपाली मुद्रालाई विदेशमा पठाइरहेका छौं । जसका कारणले गर्दा हाम्रो विदेशी मुद्रा सञ्चितिमा पनि यसको असर परिरहेको

छ । यद्यपि डाटाले भन्छ बढिरहेको छ तर त्यो कसरी बढिरहेको छ त भन्दा रेमिट्यान्सले बढिरहेको छ । रेमिट्यान्सले धानेको मुलुक अहिलेसम्म सुदृढ हुन्छ? अहिले पनि हुन सक्दैन ।

यदि भविष्यमा विश्वमा कुनै त्यस्तो महामारी आयो । विश्व युद्ध नै भयो अरू खालका समस्याहरू उत्पन्न भए । रेमिट्यान्स आउने अवस्था रहेन, बन्द भयो भने यो मुलुकको अर्थतन्त्र के हुन्छ? यसको ढुकुटीको अवस्था के हुन्छ? वैदेशिक मुद्रा सञ्चितिको अवस्था चाहिँ के हुन्छ? यसबारेमा हामीले समय आउनुभन्दा पहिला नै सोच्नुपर्छ भन्ने मलाई लागिरहेको छ । त्यसो भएको कारणले गर्दाखेरि एकातिर हामीले विदेशी हाम्रो पुँजीलाई विदेश पलायन हुनुबाट रोक्नुपर्ने चुनौती छ भने हामीले हाम्रा युवाहरूलाई नेपालमा नै राख्ने र त्यो युवा शक्तिलाई नेपाल निर्माणमा लगाउनुपर्ने चुनौती रहेको छ ।

वित्तीय क्षेत्रको अवस्था चिन्तनीय छ । धरासायी भइरहेको अवस्थामा छ । मैले बुझ्न नसकेको कुरा बैङ्क धनी भइरहेका छन् । नाफा कमाइरहेका छन् । तर ऋणमा ब्याज बढाइरहेका छन् । र बचतमा दिने ऋण चाहिँ घटाइरहेका छन् । ऋण लगानी छैन । र भए पनि त्यो ऋण लगानी कस्तोलाई छ भन्दा जो धनाढ्य घरान्याहरू छन् । प्रेम आचार्य जस्ता मान्छेले त ऋण नपाएर अनुदान नपाएर सिंहदरबारमा होइन संसदको अगाडि नै आत्महत्या गर्नुपर्ने अवस्था आएको छ । त्यसो भएको कारणले गर्दा अब हाम्रा नीतिहरू धनाढ्य घरान्याहरूलाई मात्र पोस्ने होइन आम गरिब जनताका लागि पनि हामीसँग वित्तीय संस्थाहरू छन् है भन्ने सन्देश दिन जरुरी छ । र फेरि धेरै प्रेम आचार्यहरू नजन्मिउन् भन्ने कुरामा ध्यान दिन आवश्यक छ भन्ने कुरा अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको अर्थतन्त्र सुधार्न र सुदृढ गर्न हामीले सङ्कल्पका साथ अब ठोस काम गरौं, म सरकारको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । त्यसको लागि पुँजीगत खर्च बढाउने विकास बजेट समयमा खर्च गर्ने कुरालाई प्राथमिकताका साथ सरकारले कार्यान्वयन गरोस् । गाडीलगायतका उपभोग्य सामग्री मात्र आयात गर्ने तर उद्योग र उत्पादन प्रवर्धन गर्ने सामग्रीको निर्माण र आयात भने प्राथमिकतामा नपर्ने अब यसलाई प्राथमिकतामा पार्नुपर्छ भन्ने कुरा अनुरोध गर्न चाहन्छु । साना तथा मध्यमस्तरका उद्योगधन्दालाई संरक्षण र विस्तार गर्ने नीति सरकारले लिओस् । धेरै परियोजना बनाएर एउटा पनि सम्पन्न नहुने हाम्रो यो रोग छ । हाम्रा थुप्रै राष्ट्रिय गौरवका आयोजनाहरू छन् तर ती अलपत्र परेको अवस्था छ । त्यसो भएको कारणले थोरै परियोजना सम्पूर्ण कामको नीति लागु गरी बनेका योजनालाई कडाका साथ लागु गर्ने नीति सरकारले लेओस् भन्न चाहन्छु ।

सबै खाले विकास कार्यमा नेपाली नागरिकहरूले रोजगारी पाउने कुरालाई कढाइका साथ लागु गरिनुपर्छ । कृषि उपजको राज्यले संरक्षित बजार निर्माणको योजना बनाउनुपर्छ । किसानका उब्जनी र उत्पादन खरिदको सुनिश्चितता सरकारले गर्नुपर्छ र त्यसको व्यवस्था मिलाउनुपर्छ । उत्पादन किसानले गरेको छ तर बजार छैन । बजार छ तर किन्दिने मान्छे छैन अनि किसानले किन मेहेनत गर्छ कृषिप्रधान देश तर हामी खाद्यान्न विदेशबाट आयात गरिरहेका छौं । कृषि उपज सहकारीहरूलाई बचत तथा ऋणमा मात्र नभई उत्पादनका काममा लगाउन विशेष नीति बनाएर उत्प्रेरित गर्ने उत्पादनमूलक सहकारीहरूलाई सहुलियत दिने संरक्षण गर्ने श्रमिक तथा किसान सहकारी निर्माणमा जोड दिने कुराको नीति बनाउनुपर्दछ । जति गरिब छ । त्यति बढी ब्याज तिर्नुपर्ने र श्रमजीवीलाई ऋण लिन सकस पर्ने चालु बैङ्किङ प्रणालीलाई फेर बदल गर्न अति आवश्यक छ । मैले पहिले पनि यहाँहरूको माझमा राखें । यसको लागि दीर्घकालीन योजना चाहिन्छ । तर तत्काल केही उत्पादन मूलक क्षेत्रमा कृषि र उद्यमका विभिन्न क्षेत्रमा लगानी गर्ने कार्यविधि बनाउने र ऋण प्रवाह गर्ने नीति ल्याइनुपर्छ गरी खानेलाई नेपालमा अवसर छ भन्ने तत्काल सन्देश दिनको लागि बैङ्किङ भन्ने तत्काल सन्देश दिनको लागि बैङ्किङ प्रणालीमा प्रहार गर्ने गरी त्यसलाई रूपान्तरण गर्ने गरी हामीले नीति निर्माण गर्न आवश्यक छ भन्ने कुरा राख्न चाहन्छु ।

सार्वजनिक लगानीका क्षेत्रहरू निर्धारण गर्न र सार्वजनिक लगानीमार्फत रोजगारी प्रवर्धन नीति तय गर्न पनि आवश्यक छ । ग्रामीण पर्यटन र जनता पर्यटनलाई प्रवर्धन गरिनुपर्दछ र यो पर्यटन क्षेत्र पनि आर्थिक उपार्जनको हिसाबले एउटा महत्त्वपूर्ण क्षेत्र हुन सक्छ । सहरलाई गाउँमा आयातित सामान पठाउने केन्द्रका रूपमा नभई गाउँका उत्पादनको बजारीकरण गर्ने केन्द्रका रूपमा विकास गर्नको लागि ठोस कार्ययोजना बनाउनुपर्दछ । उत्पादनको प्रकृति हेरी प्रत्येक इलाकामा आवश्यकताअनुसार पालिका, जिल्ला वा प्रदेश तहमा भन्डारण केन्द्रको व्यवस्था मिलाएर कृषि उपज गर्ने कृषकहरूलाई चाहिँ प्रोसाहित गर्नुपर्दछ । यी सबै काम गर्नका लागि मुख्यतः लगानीको क्षेत्रको प्राथमिकीकरण गर्नुपर्दछ । कहाँ हामीले सबभन्दा पहिला धेरै लगानी गर्ने यो मुलुक बेङ्किङ प्रणालीसँग जोडिएको छ । सो कम्पनी र मानिसको हस्तक्षेप हितमा रहेको बैङ्किङ प्रणालीलाई आम मान्छेलाई सजिलोसँग उद्यमशीलतामा लाग्न प्रेरित हुने गरी बैङ्किङ प्रणालीमा सुधार ल्याइयोस् पुनर्व्यवस्थित गरियोस् । लगानीको विना न रोजगारी हुन सक्छ न आर्थिक विकास हुन सक्छ रोजगारी भएन र आर्थिक विकास भएन भने हामी युवाहरूलाई पनि नेपालमा रोक्न सक्दैनौं । नेपालमा युवाहरू रोकिएनन् भने हामी राष्ट्र निर्माण गर्न सक्दैनौं । मानव संशाधन विकासको तत्कालीन र दीर्घकालीन व्यवस्था मिलाउनुको लागि पनि यो

आवश्यक छ र त्यो मिलाउनको लागि पनि म अनुरोध गर्न चाहन्छु । लगानीको प्राथमिकता यतातिर अलिक बढी बढाइनुपर्दछ ।

स्वास्थ्यमा लगानी बढाउने हरेक पुराना अस्पतालहरूलाई हामीले मेडिकल कलेज किन नबनाउने मेडिकल पढ्नको लागि कति विदेशी पैसा गइरहेको छ । कति विद्यार्थीहरू बाहिर गइरहेका छन् । यसमा राज्यले आफ्नो नीतिमा पुनर्विचार गर्नुपर्छ होला भन्ने मलाई लाग्छ । स्वदेशमै तयार गर्न सकिने औषधिहरूलाई अब यही निर्माण गर्ने नीति राज्यले लिनुपर्छ । औषधि लिमिटेड जुन सरकारको छ । त्यो त्यसको अवस्था के छ? त्यसमा लगानी बढाइनुपर्दछ भन्ने कुरा राख्न चाहन्छु ।

पेट्रोल, डिजेल र पेट्रोलियमको आयातलाई घटाउनको लागि बिजुली उत्पादन र बिजुलीबाट चल्ने सामग्रीहरूको उत्पादन र प्रयोगलाई विशेष नीति बनाएर हामीले लागु गर्न पर्छ । पानी पनि हाम्रो एउटा राम्रो स्रोत हुन सक्छ । आयको राम्रो स्रोत हुन सक्छ । तसर्थ अब हामीले त्यतातिर पनि राज्यले सोच्नुपर्छ भन्ने कुरा म यहाँहरूको बिचमा राख्न चाहन्छु ।

यति मैले भनिरहँदा नेपालको अर्थतन्त्रलाई हामीले सुदृढ बनाउनको लागि सबभन्दा पहिला अहिले बैङ्कप्रतिको विश्वास सहकारीप्रतिको विश्वास, वित्तीय संस्थाहरूप्रतिको विश्वास जनतामा जोगाउन जरुरी छ र मैले के देखिरहेको छु भने राज्यको ध्यान सरकारको ध्यान पनि बैङ्कहरूलाई जोगाउन मात्रै छ । ती साना साना वित्तीय संस्थाहरूलाई सहकारीहरूलाई जोगाउनेतिर त्यति ध्यान भएको देखिँदैन र जनतामा अझ आक्रोशित उत्पादन गर्ने खालले हामीले त्यसलाई चाहिँ छोडिदिएका छौँ । त्यसो भएको कारणले गर्दाखेरि यो क्षेत्रलाई सबभन्दा पहिला हामीले सुधारौँ । यो क्षेत्रलाई हामीले सुधार्न सक्यौँ र अनौपचारिक क्षेत्रबाट जुन राजस्व चुवाहट भइरहेको छ ।

त्यो अनौपचारिक क्षेत्रबाट भैरहेको राजस्व चुवाहटलाई हामीले रोक्न सक्यौँ भने हामीले धेरै राजस्व सङ्कलन पनि गर्न सक्छौँ र हामीहरू जुन खर्च छ खर्च बढी र राजस्व सङ्कलन जुन कम भइरहेको छ । यसले त के छ भने विदेशी अनुदान विदेशी सहयोग र विदेशी ऋणमा निर्भर भइरहेको छ देश र त्यसमा देशको निर्भरता दिन प्रतिदिन बढिरहेको अवस्था छ । विदेशी ऋणमा विदेशी सहयोगमा विदेशी अनुदानमा मुलुक जुन चल्छ । त्यसको भविष्य के हुन सक्छ? त्यसको सार्वभौमिता के हुन्छ? अनि हामीले चाहिँ राष्ट्रवादको नारा दिएर त हुनेवाला छैन । यदि साँच्ची हामीले राष्ट्रवादी हौँ भने हामीले हाम्रो अर्थतन्त्रलाई स्वावलम्बन बनाउन जरुरी छ । हामी आत्मनिर्भर हुन जरुरी छ ।

हामीले हाम्रो आयलाई प्रतिस्थापित गर्ने निर्यातलाई बढावा दिने । राजस्व सङ्कलनमा बढी बढावा दिनेको लागि चाहिँ राजस्व चुवाहटलाई रोक्ने नयाँ नयाँ तरिकाले अख्तियार गर्ने कुरामा राज्यको ध्यान जाओस् भन्ने कुरा म राख्दै मैले आफ्ना र जनताका भावनाहरूलाई यहाँहरूको माझमा पोख्दै सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल गरियोस् भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद । र यसमा समर्थन गर्ने सम्पूर्ण माननीय सदस्यहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(**१३:३१ बजे,** माननीय भैरव सुन्दर श्रेष्ठले टेबल ठोकेर केही बोल्नुखोज्नुभएको ।)

(**१३:३१ बजे**) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म जरुरी सार्वजनिक महत्त्वको प्रस्तावका समर्थक माननीय सदस्यहरूलाई उक्त प्रस्तावको समर्थन गर्न क्रमशः समय उपलब्ध गराउँछु ।

फेरि के पर्यो माननीय सदस्य?

(**१३:३१ बजे**) **माननीय भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यति महत्त्वपूर्ण विषयमा जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा हामी छलफल गरिराखेका छौं । माननीय अर्थमन्त्रीज्यू कहाँ बसेर सुनिराख्नुभा' रहिछ । यो सदनको गरिमा, सदनमा उपस्थित भएर यी कुराहरू सुन्दिने क'ले हो? यदि उहाँको उपस्थिति हुँदैन भने हामीले यहाँ यस किसिमको छलफल गर्नमा हामी उपस्थित चाहिँ भएर छलफलमा सहभागि नहुने कुरा म सम्माननीय अध्यक्षज्यूलाई जानकारी गराउन चाहन्छु । कि त उहाँलाई बोलाएर हामी सबै छलफलमा सहभागी बन्ने वातावरण त्यो बनाऊँ । यदि उहाँको अनुपस्थिति हुने हो भने हामी यहाँ बस्नु र नबस्नुको कुनै अर्थ रहन्न । हामी चाहिँ सहभागी ..... ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिनुभएको ।)

(१३:३२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मैले अगाडि नै भनें सरकारको तर्फबाट मन्त्रीहरूले सुन्नुभा' छ । र यहाँ टिप्पोट पनि भइराख्या छ । माननीय अर्थमन्त्रीज्यूले अलिकति एउटा जरुरी समय परेकोले आधा घण्टा अलिपछि नै उहाँ चाहिँ आउने कुरा पनि जानकारी पनि गराउनुभा'को छ । र सरकारको तर्फबाट टिप्पोट भएर उहाँलाई जानकारी गराउने । यहाँहरूको मुल प्रस्ताव उहाँले अध्ययन गर्नुभा'को छ । यहाँले बोलेका कुराहरू पनि सबै उहाँको यहाँ कर्मचारीहरूले हाम्रो टिपेर उहाँलाई जानकारी गराउने र त्यही आधारमा जवाफ दिने हुँदा यहाँहरू धर्यतापूर्वक बसिदिन म अनुरोध गर्दछु । उहाँ आउनुहुन्छ । समय लिएरै ढिला हुने हुँदा अरु सरकारका मन्त्रीहरू यहाँ हुनुहुन्छ । भन्नुहोस् ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- भन्नुहोस् ।

(१३:३३ बजे) **<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- (माइक आइरा' छैन ।) सम्माननीय अध्यक्षज्यू, अब यो खेलाची गरेजस्तो हामी सत्तापक्ष प्रस्तावक भ'को प्रमुख प्रतिपक्ष समर्थक भ'को चाहिँ यो सार्वजनिक महत्त्वको प्रस्ताव हो । त्यसले गर्दा यसको गरिमालाई अर्थमन्त्रीले कहाँ कुन कुनामा बसेर उहाँ गरिराख्नुभा' छ? पूर्वजानकारी भएको होला? पूर्वजानकारी भएको अवस्थामा यो छलफलमा उहाँ पूरा रूपले उपस्थित हुनुपर्छ । होइन भने हामी यसमा भाग लिँदैनौं । हामीले पनि यसमा साइन गऱ्या छौं । समर्थन गऱ्या छौं । त्यसले गर्दाखेरि हामीले समर्थन गरेका सदस्यले यसमा भाग लिनुहुन्न र अरुले पनि हामी भाग लिँदैनौं । उहाँको उपस्थित नहुँनजेलसम्मका लागि किन भने यो संसदको गरिमालाई होच्याउने काम गरिएको । किनभन्दा उहाँलाई जानकारी गरिएको थियो होला? अरू काम सबै छोडेर संसदमा सार्वजनिक महत्त्वको प्रस्ताव जुन चाहिँ देशको अर्थतन्त्रसँग सम्बन्धित रहेको छ । त्यस सन्दर्भमा उहाँ आफै उपस्थित भएर चाहिँ यहाँ भौतिक रूपले उपस्थित भएर उहाँले सुन्नुपर्छ । हाम्रो भनाइ यो हो । त्यसले गर्दाखेरि यो छलफलमा हामी भाग लिँदैनौं । हाम्रो तर्फबाट साइन गर्ने सदस्यले पनि यसमा आफ्नो विचार राख्नुहुन्न । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको ।)

**(१३:३३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य, मैले यसलाई दोहोराइरहनु आवश्यक त होइन । मन्त्रीले अलिकति समय ढिला आउन पर्ने बाध्यता बताउनुभा'को र सरकारको तर्फबाट मन्त्रीहरू हुँदाखेरि जवाफ दिनको लागि उहाँ तयार हुनुहुन्छ । र यहाँ टिप्पोट भएको कुराहरू उहाँले बोल्दै गर्दाखेरि आएर पनि ती सबै हेरेर उहाँहरूका सबै जिज्ञासाहरूको बारेमा नै मन्त्रीज्यूले धारणाहरू राख्नुहुने छ, सरकारको तर्फबाट । यस्तो हामी विगतमा पनि गर्ने गरेका हुन्छौं । किनकि सप्पै कुराहरू मन्त्रीले आफैले कहिलेकाहीं नसुन्ने अवस्थामा त्यसको सरकारको तर्फबाट मन्त्रालयका कर्मचारीहरूले टिपोट बनाउनुहुन्छ । सरकारका मन्त्रीहरू यहाँ हुनुहुन्छ र त्यो टिपोटको आधारमा उहाँले जवाफ दिने गरेको हुँदा र केही समय अलि ढिला आउने पूर्वजानकारी पनि उहाँले गराउनुभा'को र यहाँ विचारहरू आउँदै गर्छ । त्यसलाई टिपोट गराउने काम गराइन्छ भनेको हुँदा यहाँहरू यो कुरालाई ख्याल गरेर बसिदिनुहुन म विशेष आग्रह गर्दछु । र अर्थमन्त्री आएर यो सबैको जवाफहरू दिनुहुन्छ ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको ।)

**(१३:३४ बजे)** **<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, बरु स्थगित गरियोस् केही समय ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको ।)

**(१३:३५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- ध्यानाकर्षण भएको छ । मन्त्रीज्यू, आउनुहुन्छ एकछिन बसौं । यो सुरु गरौं । यसलाई नरोकौं । छलफल चल्दै जाँदा टिप्पोट हुन्छ । टिप्पोट भएका कुराहरू उहाँले जवाफ दिनुहुन्छ । त्यो दिनुहुन्छ । यो फेरि हाम्रो परम्परा पनि यस्तो छ । उपस्थित हुनुपर्छ । जानकारी गराउनुभा'को छ । र मन्त्रीज्यूहरू यहाँ हुनुहुन्छ । म बस्नको लागि उहाँहरूलाई फेरि पनि आग्रह गर्दछु ।

माननीयज्यू, बसौं । टिपोट भा'को छ । जवाफहरू सप्पै आउँछ । त्यो विश्वास गरौं ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको ।)

माननीय सदस्यहरू, १४ मिनेटको लागि यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, १४ मिनेटको लागि यो बैठक स्थगित भयो) ।

**स्थगितः १३:३८ बजे ।**